जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४७ पृष्ठ: ४ २०८३ असोज १५ बिहीबार (Thursday 01 Oct. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयनमा एकलौटी गरिएको आरोप लगाउँदै पर्साका २७ जनाले छाडे कांग्रेस



वीरगन्ज, १७ असोज। क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयन प्रक्रियामा एकलौटी गरिएको आरोप लगाउँदै पर्साका दुई दर्जनभन्दा बढी कांग्रेस कार्यकर्ताले पार्टीबाट राजीनामा दिएका छन्। हालै सम्पन्न १५औँ महाधिवेशन अन्तर्गतका क्षेत्रीय अधिवेशनमा कार्यकर्तालाई बाइपास गरी आसेपासेलाई महाधिवेशन प्रतिनिधि र अन्य समितिमा ल्याइएको भन्दै जिल्ला सभापतिसमक्ष राजीनामा बुझाइएको हो।

कांग्रेस पर्साका जिल्ला सदस्यसहित २७ जना नेताकार्यकर्ताले सामूहिक रूपमा कांग्रेस परित्याग गरेको घोषणा गर्दै राजीनामा बुझाएका हुन्। जिल्ला सदस्य हिरालाल कानुसहित २७ जनाले कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्याग गरेका छन्।

दुईपटक कांग्रेसको बुथ सभापतिसमेत रहिसकेका कानु २०५४ को स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट वडा सदस्यमा निर्वाचित भएका थिए।

बुधबार कांग्रेस पर्साका सभापतिलाई सम्बोधन गरी लेखिएको राजीनामा पत्रमा कानुसहित वीरगन्ज महानगरपालिका-१० का सोनाल गुप्ता, वीरेन्द्र साह कानु, तिलक साह कानु, लक्ष्मण कानु, दीपक साह कानु, डा. जयकुमार गुप्ता, डा. राजकुमार गुप्ता, अनिता देवी गुप्ता, काजल कुमारी, भरत साह कानु, मुनिलाल साह कानु, सञ्जय चौधरी, रोहित चौधरी, सरोजकुमार साहलगायत २७ जनाले आफूहरू कांग्रेस परित्याग गरेको जिल्ला कार्यसमितिलाई जानकारी गराएका छन्।

पछिल्लो समय देखिएका बेथिति सुधार गर्नुको सट्टा पार्टीमा वर्षौंदेखि हालीमुहाली जमाउँदै आएका केही नेतामा नातावाद, कृपावाद र झोले प्रवृत्ति बढ्दै गएको भन्दै आफूहरू सामूहिक रूपमा राजीनामा दिन बाध्य भएको उनीहरूले बताएका छन्।

ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

रौतहट, १४ असोज। रौतहटमा ट्याक्टरको ठक्करबाट ६ वर्षीय बालकको मृत्यु भएको छ। गढीमाई नगरपालिका-७ धरमपुरस्थित भित्री सडकखण्डमा बुधबार बिहान ट्याक्टरको ठक्करबाट स्थानीय छोटेलाल यादवका ६ वर्षीय छोरा रितिक यादवको मृत्यु भएको हो। धरमपुरबाट पौराहीतर्फ जाँदै गरेको ना.६ त ८४९२ नम्बरको ट्याक्टरले घरअगाडि सडकमा खेलिरहेका बालक रितिकलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। ट्याक्टरको ठक्करबाट टाउकोमा गम्भीर चोट लागेका बालकलाई उपचारका लागि गरुडा-स्थित बेटर नेपाल अस्पताल लगिएको थियो।

उपचारकै क्रममा बिहान करिब साढे १० बजे चिकित्सकले बालकलाई मृत घोषणा गरेका थिए। घटनापछि ट्याक्टर चालक सवारीसाधन घटनास्थलमै छाडेर फरार भएका छन्। प्रहरीले फरार चालकको खोजी भइरहेको जनाएको छ। घटनामा प्रयोग भएको ट्याक्टरका धनी स्थानीय सञ्जीव यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ। ट्याक्टरलाई प्रहरी चौकी धरमपुरमा राखिएको छ।

घटनाको कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर प्रमोद खड्काको कमाण्डमा टोली घटनास्थलमा खटिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मधेशमा असोजमै बाक्लियो हुस्सु

सर्लाही, १४ असोज। सर्लाहीसहित मधेशका जिल्लामा असोजमै बाक्लो हुस्सु लाग्न थालेको छ। मङ्सिर-पुसमा झैं डम्म हुस्सु लागेपछि मधेशको मौसम प्रतिकूल बनेको हो। बुधबार बिहानैदेखि नजिकैको दृश्यसमेत नदेखिने गरी बाक्लो हुस्सु लागेको छ। मलङ्गवा नगरपालिका-८ का स्थानीय शिवचन्द्र चौधरीले असोजमै यसरी बाक्लो हुस्सु लागेर फरक प्रकृतिको मौसम देखिँदा अचम्म लागेको बताउनुभयो। मलङ्गवासहित दक्षिणी भेगमा भारी वर्षा रोकिएलगत्तै बाक्लो हुस्सु लाग्न थालेको चौधरीले जानकारी दिनुभयो।

असोजमै यस्तो प्रकारको मौसम देखिएपछि अधिकांश मानिस आश्चर्यमा परेको चौधरीको भनाइ छ। उहाँले भन्नुभयो, "यस्तो हुस्सु, कुहिरो त मङ्सिर-पुसमा देखिन्थ्यो तर यस वर्ष मध्य असोजमै देखिँदा आश्चर्य लागेको छ।" सर्लाहीको चुरे क्षेत्रतर्फ भने बिहान पातलो हुस्सु लागे पनि हटेर घाम देखिन थालेको स्थानीयले बताएका छन्। चुरे क्षेत्रमा पर्ने लालबन्दी नगरपालिका-१५ का वडाध्यक्ष गोरखबहादुर बलले उत्तरी भेगको मौसम उघ्रिसकेको जानकारी दिनुभयो।

मधेस क्षेत्रमा बिहानीपख बाक्लो हुस्सु लागेर छपक्क शीत परे पनि दिउँसो टन्टलापुर घाम लाग्दा उखरमाउलो गर्मी महसुस हुने गरेको छ। रातको समयमा भने चिसो बढ्न थालेको छ। गर्मी हटेर क्रमिक रूपमा चिसो बढ्दै जाँदा मौसम परिवर्तनसँगै हुने ज्वरो, रुघाखोकी, टाइफाइडलगायतका सङ्क्रमण बढेको डा॰ गुणेश्वर झाले बताउनुभयो। यो समयमा बालबालिकासहित शारीरिक

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

भत्ता होइन, नागरिकको अधिकार

सिरहाको सुखीपुर नगरपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणमा भएको ढिलाइविरुद्ध ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका तथा अपांगता भएका व्यक्तिहरू धर्नामा बस्नुपर्ने अवस्था आउनु स्थानीय सरकारको सेवा प्रवाहमाथि गम्भीर प्रश्न हो। सामाजिक सुरक्षा भत्ता कुनै निकायले कृपापूर्वक उपलब्ध गराउने रकम होइन, राज्यले कानुन र नीतिअनुसार लक्षित नागरिकलाई उपलब्ध गराउने सामाजिक संरक्षणको महत्वपूर्ण व्यवस्था हो। त्यसैले यसको वितरणमा भएको ढिलाइलाई सामान्य प्रशासनिक समस्या भनेर पन्छाउन मिल्दैन।

नगरपालिकाले प्राविधिक त्रुटिका कारण आर्थिक वर्ष २०८२/८३ को अन्तिम किस्ता र आर्थिक वर्ष २०८३/८४ को पहिलो किस्ता वितरण हुन नसकेको जनाएको छ। नगरप्रमुखले २४ असोजदेखि एक साताभित्र दुई किस्ताको रकम सम्बन्धित बैंकमार्फत वितरण गर्ने प्रतिबद्धता जनाउनु तत्कालका लागि सकारात्मक कदम हो। तर प्रतिबद्धता गर्नु र त्यसको समयमै कार्यान्वयन गर्नु दुई फरक कुरा हुन्। लामो समयदेखि भत्ता नपाएका सेवाग्राहीका लागि अब आश्वासनभन्दा कार्यान्वयन महत्वपूर्ण छ।

सामाजिक सुरक्षा भत्तामा निर्भर नागरिकको आर्थिक अवस्था प्रायः कमजोर हुन्छ। ज्येष्ठ नागरिकका लागि औषधि, उपचार र दैनिक आवश्यकतामा यही रकम महत्वपूर्ण हुन सक्छ। एकल महिला तथा अपांगता भएका व्यक्तिका लागि पनि भत्ता आधारभूत खर्च व्यवस्थापनको एउटा स्रोत बन्न सक्छ। बालबालिकाको हकमा अभिभावकले आवश्यक खर्च जुटाउन यस रकमको उपयोग गर्छन्। त्यसैले भत्ता वितरणमा भएको केही महिनाको ढिलाइले कागजमा देखिएभन्दा गहिरो सामाजिक र आर्थिक असर पार्न सक्छ।

स्थानीय तहले आफ्ना नागरिकलाई समयमै सेवा दिन नसक्दा सेवाग्राहीले कार्यालयको ढोकामा धर्ना दिनुपर्ने अवस्था आउनु झन् गम्भीर विषय हो। नागरिकले पटकपटक लिखित रूपमा ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएको राजनीतिक दलहरूको भनाइ छ। यदि यस्तो अवस्था सही हो भने स्थानीय प्रशासनले गुनासो व्यवस्थापन र नागरिकसँगको संवादमा सुधार गर्नुपर्ने देखिन्छ। समस्या उत्पन्न भएपछि आन्दोलनको अवस्था सिर्जना हुनुअघि नै सम्बन्धित निकायले नागरिकको गुनासो सुन्ने र समाधान खोज्ने प्रणाली विकास गर्नुपर्छ। नगरपालिकाले आन्दोलन नगर्न–नगराउन गरेको अपिललाई पनि नागरिकको असन्तुष्टिको मूल कारणसँग जोडेर हेर्न आवश्यक छ। कार्यालय सञ्चालनमा अवरोध नहोस् भन्ने विषय महत्वपूर्ण भए पनि नागरिकले आफ्नो अधिकारका लागि शान्तिपूर्ण रूपमा आवाज उठाउने अवस्थालाई बेवास्ता गर्नु उचित हुँदैन। स्थानीय सरकार र नागरिकबीचको सम्बन्ध विश्वासमा आधारित हुनुपर्छ। सेवा नियमित, पारदर्शी र उत्तरदायी भयो भने विरोध र आन्दोलनको आवश्यकता पनि स्वतः कम हुन्छ।

सामाजिक सुरक्षा भत्ता वितरणका लागि निश्चित कार्यतालिका सार्वजनिक गर्नु अहिलेको प्राथमिकता हुनुपर्छ। कुन महिनाको भत्ता कहिले वितरण हुन्छ, बैंकमार्फत रकम कहिले उपलब्ध हुन्छ र कुनै प्राविधिक समस्या आएमा सेवाग्राहीले कहाँ सम्पर्क गर्ने भन्ने सूचना वडा कार्यालयदेखि नगरपालिकाको वेबसाइट तथा अन्य सार्वजनिक माध्यमबाट स्पष्ट रूपमा जानकारी गराइनुपर्छ। वडा कार्यालयमा गुनासो सुन्ने जिम्मेवार व्यक्ति र सम्पर्क नम्बर सार्वजनिक गर्ने माग पनि व्यवहारिक छ। प्राविधिक त्रुटिको कारण देखाएर सेवा रोकिएको अवस्थामा त्रुटि कहाँ भयो, त्यसलाई समाधान गर्न कति समय लाग्छ र भविष्यमा यस्तो समस्या दोहोरिन नदिन के व्यवस्था गरिएको छ भन्ने जानकारी पनि सार्वजनिक हुनुपर्छ। डिजिटल प्रणालीमा निर्भर हुँदै गएको अवस्थामा प्राविधिक समस्या आउन सक्छ, तर त्यसलाई समाधान गर्ने वैकल्पिक प्रणाली पनि स्थानीय तहसँग हुनुपर्छ। सेवाग्राहीलाई समस्या भएको जानकारी मात्र दिएर जिम्मेवारी पूरा हुँदैन।

यस विषयमा राजनीतिक दलहरूले उठाएको पारदर्शिताको प्रश्न पनि महत्वपूर्ण छ। सामाजिक सुरक्षा भत्ता वितरण सार्वजनिक स्रोतको व्यवस्थापनसँग जोडिएको विषय भएकाले रकमको निकासा, वितरणको अवस्था र बाँकी सेवाग्राहीको विवरण व्यवस्थित रूपमा सार्वजनिक गर्न सकिन्छ। यसले भ्रम र अविश्वास घटाउनुका साथै स्थानीय सरकारप्रति नागरिकको विश्वास बढाउन मद्दत गर्छ। अर्कोतर्फ, सामाजिक सुरक्षा भत्ता वितरणलाई राजनीतिक श्रेयको विषय बनाउनु हुँदैन। जुनसुकै दल वा जनप्रतिनिधिले दबाब दिएर सेवा दिलाएको देखाउनेभन्दा नागरिकले आफ्नो अधिकार सहज रूपमा पाउने व्यवस्था निर्माण गर्नु महत्वपूर्ण हो। सामाजिक सुरक्षा कार्यक्रम राज्यको निरन्तर दायित्व भएकाले यसको नियमितता व्यक्तिको पहल वा राजनीतिक दबाबमा निर्भर हुनु हुँदैन।

सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई राहतको प्रतीक्षामा राख्ने होइन, अधिकारअनुसार समयमै सेवा दिने संस्कार स्थानीय सरकारमा स्थापित हुनुपर्छ। सुखीपुरको अहिलेको समस्या तत्काल समाधान हुनु आवश्यक छ, तर त्यसभन्दा महत्वपूर्ण कुरा यही समस्या फेरि नदोहोरिने प्रणाली निर्माण गर्नु हो। स्थानीय सरकारको वास्तविक परीक्षा भाषण र प्रतिबद्धतामा होइन, नागरिकले आफ्नो अधिकार समयमै, सहज रूपमा र सम्मानपूर्वक पाउँछन् कि पाउँदैनन् भन्नेमा हुन्छ।

छुवाछुतमाथिको सामान्यीकरण कहिलेसम्म ?

अजात राधिका

अज्ञानता र अन्धविश्वाससँग लड्ने सबैभन्दा शक्तिशाली हतियार ज्ञान थियो। तर, विडम्बना के छ भने, संसार आज यति धेरै अगाडि बढिसक्दा पनि मानिस पूर्ण रूपमा अज्ञानता र अन्धविश्वासबाट मुक्त हुन सकेको छैन। प्रविधिले संसारलाई नजिक ल्याएको छ, विज्ञानले असम्भव ठानिएका कुराहरू सम्भव बनाएको छ, तर मानिसको चेतनाभित्र पुस्तौँदेखि गाडिएका केही विभेदकारी विश्वासहरू अझै उस्तै छन्।

नित्सेले मानिसलाई आफ्नै स्थापित मूल्य र विश्वासमाथि प्रश्न गर्न सिकाए। दोस्तोयेभ्स्कीले मानिसको मनभित्र लुकेको अँध्यारो, पीडा र विरोधाभासलाई देखाए। मार्कस औरेलियसले बाहिरी संसारलाई बदल्नुअघि आफ्नै विचार र चरित्रलाई अनुशासित गर्न सम्झाए। जात, धर्म र जन्मका आधारमा मानिसलाई ठूलो–सानो बनाउने सोचको अगाडि यी विचारहरू आफैंमा एउटा गहिरो प्रश्न उठ्छ, मानिसको मूल्य उसको जन्मले निर्धारण गर्छ कि उसको चेतना र कर्मले ?

सायद यस्ता कुरा लेख्दा उनीहरूले पनि समाजको जडता देखेर पीडा महसुस गरेका थिए होलान्। किनकि ज्ञानको कुरा गर्न सजिलो हुन्छ, तर मानिसले पुस्तौँदेखि बोकेको भ्रममाथि प्रश्न उठाउन निकै कठिन हुन्छ। आफूले सत्य ठानेको कुरा गलत हुन सक्छ भनेर स्वीकार गर्नु अझ कठिन हुन्छ।

ज्ञान, व्यवस्था र विद्रोहका कुरा त्यस्ता मानिससँग गर्न साँच्चिकै आनन्द आउँछ, जसमा थोरै भए पनि ज्ञानको भोक हुन्छ र आफूलाई परिवर्तन गर्ने साहस हुन्छ। लामो समयसम्म अज्ञानताको जन्जिरमै रमाएका मानिसलाई त्यही संसार अथाह, पूर्ण र अन्तिम सत्यजस्तो लाग्नु स्वाभाविक हो। तर, परिचित हुनु र सत्य हुनु एउटै कुरा होइन।

संसारलाई, धर्मलाई, जातलाई र आफ्ना विश्वासहरूलाई विवेकपूर्ण ढंगले हेर्न कहिलेकाहीँ आफ्नै सोचको मेटामोर्फोसिस आवश्यक हुन्छ। आफ्नै पुरानो चेतनाबाट बाहिर निस्कने साहस, आफूले पुस्तौँदेखि स्वीकार गर्दै आएको कुनै विश्वासले अर्को मानिसको अस्तित्व, सम्मान र अधिकारमाथि चोट पुऱ्याइरहेको छ भने त्यस विश्वासलाई जोगाउनु चेतना होइन, त्यसलाई प्रश्न गर्नु नै चेतनाको सुरुवात हो।

तर, समस्या मानिसको क्षमता मात्र होइनन्न समस्या प्रश्न गर्न नचाहने मन, आफूले पाएको विश्वासलाई अन्तिम सत्य ठान्ने प्रवृत्ति र आफूलाई परिवर्तन गर्न अस्वीकार गर्ने मानसिकता हो। अज्ञानताको सबैभन्दा बलियो जन्जिर त्यही हो, जसलाई मानिसले जन्जिर भनेर नै चिन्न छोडिसकेको हुन्छ। र, हाम्रो समाजमा जातीय विभेद त्यसैको एउटा ज्वलन्त उदाहरण हो। आफूलाई शिक्षित, सभ्य र आधुनिक ठान्ने मानिसले समेत जब जन्मका आधारमा अर्को मानिसको भाँडो छुट्याउँछ, ढोकाको सीमा जातअनुसार निर्धारण गर्छ र त्यसविरुद्ध प्रश्न उठाउँदा पीडितलाई नै दोषी ठहराउँछ, तब प्रश्न केवल एउटा व्यक्तिको व्यवहारमाथि उठ्दैन। प्रश्न हाम्रो सामूहिक चेतनामाथि उठ्छ।

घटना १: तीन दशकदेखि एउटै समाजमा, तर अझै पराइ

मेरो बुवा जहाँ जन्मिनुभयो, त्यो ठाउँ भीमसेन थापा गाउँपालिका वडा नं. ४ मा पर्छ। २०५३ सालतिर बुवा र आमा हालको भीमसेन थापा गाउँपालिका वडा नं. २ स्थित ताराखसेमा आएर बस्नुभयो। अहिले हाम्रो घर बाहुन समुदायको बीचमा छ। यो झण्डै तीन दशकको अवधिमा हाम्रो परिवारले कहिल्यै पनि यो समाजको अगाडि पूर्ण रूपमा स्वतन्त्र भएर सास फेर्न सकेन, समाजले दिएन। विभेदको भोगाइ कहिले प्रत्यक्ष रूपमा आयो, कहिले त्रिशूलका वाणझैं शब्द र व्यवहारबाट प्रहार भयो र अझै पनि हुँदै छ। हामी त्यहाँ बसेकोमा त्यो समाज पटक्कै खुसी छैन भन्ने अनुभूति बारम्बार भएको छ। लाग्छ, यो भोगाइ अझै केही समय भोग्दै जानुपर्नेछ।

आमा अहिले घरमा एक्लै हुनुहुन्छ। बुवाले हामीलाई छ वर्षअगाडि नै छोडेर जानुभयो। बुवा बाँचुञ्जेल सधैँ पिर गर्नुहुन्थ्यो, 'यो समाजले हामीलाई कहिले हामी मानव हौँ भनेर स्वीकार गरेन।' हामी चार जनाको सानो घरबाहेक बाहिरी संसार नै थिएन। बुवा जहिले भन्नुहुन्थ्यो, 'यो ठाउँ छोड्ने दिन कहिले आऊला ? ' तर अफसोच, बुवाले त्यो ठाउँ छोड्ने दिन त पाउनुभयो, तर हामीसहित सधैँका लागि। बुवाको त्यो पीडा आज पनि हाम्रो परिवारको जीवनमा बाँकी छ। र, त्यसैले अहिले आमामाथि भएको घटना मेरो लागि एउटा सामान्य छिमेकीसँगको मन दुखाइ होइन। यो त तीन दशकदेखि हाम्रो परिवारले भोग्दै आएको सामाजिक सोचको निरन्तरता हो।

घटना २ : दूधको गिलास र जातीय चेतनाको प्रश्न

आमाले कृष्णप्रसाद लामिछाने (घरमूली)को घरबाट विगत केही समयदेखि दूध किनेर खाँदै आउनुभएको थियो। १० असोज २०८३ मा पनि सधैँझैं बिहान आफ्नो भाँडा लिएर दूध किन्न जानुभयो। घरमूलीकी बुहारी विमला लामिछानेले सधैँझैं आमाको गिलास बाहिरै राखिन् र माथिबाट दूध खन्याइन्। पैसा पनि अलग्गै लिने गरिएको रहेछ। यो व्यवहारले आमालाई त्यस दिन प्रश्न गर्न मन लागेछ। उहाँले सोध्नुभयो, 'मेरो भाँडा फोहोर पनि छैन, किन सधैँ छुनै नहुने जस्तो गर्छौं ?'

यो प्रश्न कति सामान्य छ। आफ्नो भाँडो सफा हुँदाहुँदै आफूलाई किन फरक व्यवहार गरिन्छ भनेर सोध्नु एउटा नागरिकको सामान्य अधिकार हो। तर, प्रश्नको उत्तर दिनुको सट्टा घरमूलीले उल्टै भन्नुभएछ, 'जे कुरामा अरुसमान बन्न खोज्छौ, तर फेरि कोटा किन लिन्छौ त ?' आफूमाथि भएको विभेदबारे प्रश्न गर्दा त्यसलाई 'कोटा'सँग जोड्नु कस्तो मानसिकता हो ? र, त्यो प्रसंगमा कोटामाथि मजाक उडाउनु कति अर्थपूर्ण देखियो।

समान व्यवहारको माग गर्नु र आरक्षण माग्नु एउटै कुरा हो र ?

अझ उहाँले 'मेरो सास छउञ्जेल कुनै पनि दलितलाई मेरो दैलोबाट प्रवेश गर्न दिन्नँ' भन्नेसमेत गर्वका साथ ठोकुवा गर्नुभएछ। किराना पसलसमेत भएका कारण आमालाई त्यहाँबाट कुनै पनि सामान किन्न नआउन ससुरा र बुहारी मिलेर धम्की दिइयो। यहींनेर फेरि त्यो मेटामोर्फोसिसको प्रश्न आउँछ, के मानिसले आफ्नो घरको ढोका मात्र होइन, आफ्नो चेतनाको ढोका पनि खोल्न सक्दैन ?

तीन दशकदेखि एउटै समाजमा बसेकी एक महिलालाई अझै पनि उसको जातका आधारमा ढोकाबाहिर राख्नु केवल एउटा गिलासको कुरा होइन। त्यो गिलासभित्र हाम्रो समाजको पुरानो चेतना देखिन्छ। त्यो गिलासले सोधिरहेको छ, हामी आधुनिक भयौँ कि केवल आधुनिक देखिन सिक्यौँ ? आमाले विभेदविरुद्ध प्रश्न गर्नुभयो। त्यसपछि उहाँले सोही दिन प्रहरी चौकीमा पुगेर निवेदन दिनुभयो। तर, भोलिपल्ट ११ असोजमा न्याय खोज्ने यात्रामा पनि उहाँ एक्लै पर्नुभयो। आमाको पक्षमा बोलिदिने त्यहाँ कोही भएन, जबकि पीडकको पक्षमा परिवार र समाज उभियो।

आमाले आफूविरुद्ध भएको अन्यायबारे बोल्दै गर्दा पीडकले 'त्यस्तो भनेको छैन' भने। पीडकका भाइहरूले समेत 'तिमीलाई हामीले नै यो ठाउँमा स्थापित गराएका हौं, तिमी चौकी जानु हुँदैनथ्यो' भने। एउटा नागरिकलाई समाजमा बस्न कसैले 'स्थापित गरिदिनुपर्ने' किन ? मानिसको अस्तित्व कसैको दयामा निर्भर हुन्छ र ? आमालाई उल्टै भनियो, 'तिम्रो ससुराले अहिलेसम्म गिलास धुन्छ, तिमी किन आफ्नो जातमा बस्न सक्दैनौ ?'

यस्ता प्रश्नहरू सुन्दा फेरि त्यही प्रश्न उठ्छ, आफू ब्राह्मण हुनुमा गर्व गर्ने कुरा के हो ? यदि त्यो गर्वले अर्को मानिसलाई समान मानिसका रूपमा स्वीकार गर्नबाट रोक्छ भने आफ्नो जन्ममा मानिसको कुनै नियन्त्रण हुँदैन। कसैले कुन जातमा जन्मिने भन्ने रोजेर आउँदैन। त्यसो भए जन्मको संयोगलाई श्रेष्ठताको प्रमाण बनाउने अधिकार मानिसलाई कसले दियो ? आफू कुन परिवारमा जन्मिएँ भन्ने कुरामा गर्व गर्न सकिएला, आफ्नो संस्कृति र परम्पराप्रति आत्मीयता हुन सक्ला तर त्यही जन्मलाई आधार बनाएर अर्को मानिसको भाँडा छुट्याउनु, उसको प्रवेशमा सीमा तोक्नु, उसलाई सामाजिक रूपमा तल राख्नु र त्यसलाई आफ्नो प्रतिष्ठा वा संस्कारको विषय ठान्नु गर्व होइन, यो त पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सामाजिक असमानताको निरन्तरता हो।

हामीले एउटा कुरा छुट्याउनै पर्छ, पहिचान र श्रेष्ठता एउटै कुरा होइन। आफ्नो पहिचानप्रति गर्व गर्नु र आफ्नो पहिचानका आधारमा अर्को मानिसलाई सानो ठान्नुबीच ठूलो अन्तर छ। समस्या ब्राह्मण हुनुमा होइन, समस्या ब्राह्मण हुनुको अर्थ नै अरुभन्दा माथि हुनु हो भन्ने सोचमा छ। समस्या आफ्नो संस्कृतिमा होइन, समस्या आफ्नो संस्कृतिको नाममा अर्को मानिसको मानमर्यादा अस्वीकार गर्नुमा हो।

त्यसैले प्रश्न एउटा व्यक्तिलाई मात्र होइन, त्यो सोचलाई जन्माउने र संरक्षण गर्ने समाजलाई पनि हो। विभेद गर्ने मानिसले मात्र विभेदलाई जोगाउँदैन। कहिलेकाहीँ समाजको मौनतालेे विभेदलाई अझ शक्तिशाली बनाउँछ। विभेद देखेर पनि 'यस्ता कुरा त भइरहन्छन्' भन्नेहरू, पीडितले आवाज उठाउँदा 'अब मिलेर बस्नुपर्छ' भन्नेहरू, प्रहरीसम्म पुगेपछि 'यति सानो कुरा पनि प्रहरीसम्म लैजानुपर्छ र ? ' भन्नेहरूले सोच्न आवश्यक छ, सानो कुरा आखिर कसका लागि सानो हो ? जसले विभेद गऱ्यो, उसका लागि सानो हुन सक्छ। तर, जसले सह्यो, उसका लागि त्यो आत्मसम्मानको ठूलो घाउ हुन सक्छ।

जसले बाहिरबाट हेर्छ, उसलाई एउटा गिलास मात्र देखिन सक्छ। तर, जसले वर्षौंदेखि त्यही गिलासमा आफ्नो जातको अपमान देख्दै आएको छ, उसका लागि त्यो गिलास एउटा सम्पूर्ण सामाजिक संरचनाको प्रतीक बन्न सक्छ। त्यसैले 'गिलासको कुरा हो', 'दूधको कुरा हो', 'छिमेकीबीचको सामान्य कुरा हो' भनेर यसलाई सानो बनाउने प्रयास आफैंमा अर्को समस्या हो। विभेदको आकार घटनाले मात्र निर्धारण गर्दैन, त्यसले पीडितको आत्मसम्मानमा पारेको प्रभावले पनि निर्धारण गर्छ। अझ गम्भीर प्रश्न त त्यतिबेला उठ्छ, जब पीडितले आफ्नो पीडा सुनाउँदा समाजले घटनाको सत्य खोज्नुभन्दा पहिले 'समाजमा मिलाउनुपर्छ' भनेर दबाब दिन थाल्छ।

विभेद गर्ने व्यक्तिलाई आफ्नो व्यवहार परिवर्तन गर्न किन भनिँदैन ?

पीडितलाई मात्र किन सहनशील बन्न सिकाइन्छ ?

पीडितले प्रहरी चौकी पुग्दा उसको कदममाथि प्रश्न किन उठ्छ ?

विभेद गर्ने व्यक्तिले आफ्नो घरको ढोका जातका आधारमा बन्द गर्दा समाज किन मौन हुन्छ ?

तर त्यही ढोका बन्द भएको प्रश्न उठाउँदा समाजलाई किन 'असहज' लाग्छ ?

हामीले 'सामाजिक सद्भाव' शब्दलाई पनि पुनः सोच्नुपर्ने बेला आएको छ।

–बाँकी तीन पेजमा

छुवाछुतमाथिको...

सामाजिक सद्भाव भनेको पीडित र पीडकलाई एउटै ठाउँमा बसाएर 'अब कुरा सकियो' भन्नु मात्र होइन, सामाजिक सद्भाव भनेको समाजका सबै मानिसलाई समान सम्मानका साथ बाँच्न सक्ने वातावरण बनाउनु हो। यदि एउटा दलित महिलाले अपमान सहेर चुप बस्नुपर्छ भने मात्र समाजमा शान्ति कायम हुन्छ भने त्यो शान्ति होइन, त्यो दबाइएको आवाज हो। यदि पीडितले न्याय माग्दा समाजमा तनाव हुन्छ तर विभेद हुँदा तनाव हुँदैन भने समस्या पीडितको आवाजमा होइन, समाजको न्यायबोधमा छ।

यदि 'मिलापत्र'को अर्थ पीडितले आफ्नो प्रश्न फिर्ता लिनु हो भने त्यो मिलापत्र होइन। यदि 'समझदारी'को अर्थ अन्यायलाई सामान्य ठान्नु हो भने त्यो समझदारी होइन। यदि 'सद्भाव'को अर्थ विभेदबारे बोल्न नपाउनु हो भने त्यो सद्भाव होइन। त्यो केवल असहज सत्यलाई ढाकछोप गर्ने सामाजिक भाष्य हो।

हामीमध्ये धेरैले आफूलाई जातीय विभेदविरुद्ध रहेको बताउँछौँ। तर, विभेद सधैँ गालीका रूपमा आउँदैन। सधैँ खुला अपमानका रूपमा आउँदैन। कहिलेकाहीँ यो छुट्टै गिलासमा आउँछ। कहिलेकाहीँ घरको दैलोमा आउँछ। कहिलेकाहीँ 'तिमी आफ्नो जातमा बस' भन्ने एउटा वाक्यमा आउँछ। कहिलेकाहीँ 'हामीले तिमीलाई यहाँ बस्न दिएका हौँ' भन्ने स्वामित्वपूर्ण भाषामा आउँछ। र, कहिलेकाहीँ त झन् 'यति सामान्य कुरा प्रशासनमा नगई समाजमा मिलाउनुपर्छ' भनेर दस्तावेजीकरण गरिन्छ।

यही नै विभेदको सबैभन्दा खतरनाक रूप हो, जब विभेद गर्ने मानिसलाई आफ्नो व्यवहार विभेद हो भन्ने लाग्दैन र समाजलाई पनि त्यसलाई विभेद भन्न असहज लाग्छ।

परिचित अन्यायलाई सामान्य ठान्दै जानु पनि अज्ञानताको एउटा रूप हो। अझ त्यसभन्दा खतरनाक कुरा त मानिसले आफ्नो अज्ञानतालाई नै ज्ञान ठान्न थाल्नु हो। त्यसैले आज प्रश्न मेरी आमाको दूधको गिलास समातियो कि समातिएन भन्ने होइन।

प्रश्न यो हो, त्यो गिलास किन अलग भयो ? प्रश्न यो होइन कि, उहाँले प्रहरी चौकी किन जानुभयो ? प्रश्न यो हो, उहाँलाई प्रहरी चौकीसम्म पुग्नुपर्ने अवस्था किन आयो ? प्रश्न यो होइन कि, समाजमा किन विवाद भयो ? प्रश्न यो हो, विभेदमाथि प्रश्न उठाउँदा मात्र विवाद किन देखियो ? विभेद हुँदा किन देखिएन ? र, प्रश्न यो पनि होइन कि एउटी दलित महिलाले समाजसँग किन असहमति जनाइन् ? प्रश्न यो हो, समाजले आजसम्म पनि एउटा दलित महिलालाई असहमति जनाउने, प्रश्न गर्ने र न्याय खोज्ने समान नागरिकका रूपमा स्वीकार गर्न किन सकेन ?

आज मेरी आमाको प्रश्न एउटा दूधको गिलासबाट सुरु भएको छ। तर, त्यो प्रश्न त्यही गिलासमा सीमित छैन। त्यो हाम्रो घरको दैलोभन्दा बाहिर निस्किएको छ। त्यो एउटा परिवारको पीडाभन्दा ठूलो भएको छ। त्यो हाम्रो समाजको चेतनाको ढोकामा गएर ठोक्किएको छ। अब प्रश्न गिलास किन समातिएन भन्ने मात्र होइन। प्रश्न यो हो, हामीले मानिसलाई मानिस भएर हेर्न अझै कति पुस्ता कुर्नुपर्ने हो ? हामीले अझै कति आमाहरूलाई आफ्नो आत्मसम्मान प्रमाणित गर्न प्रहरी चौकीसम्म पुग्नुपर्ने बनाउने ? अझै कति परिवारले 'समाजले स्वीकार गरेन' भन्ने पीडा बोकेर बाँच्नुपर्ने ? अझै कति दलितहरूले आफ्नो अस्तित्वका लागि 'हामी पनि मानिस हौँ' भनेर प्रमाण दिइरहनुपर्ने ?

अन्ततः समाजका प्रत्येक व्यक्तिले आफैँलाई सोध्नुपर्ने प्रश्न यही हो, म जातीय विभेद नगर्ने व्यक्ति मात्र हुँ, कि विभेद देख्दा त्यसका विरुद्ध उभिने व्यक्ति पनि हुँ ? किनकि विभेद नगर्नु व्यक्तिगत आचरण हुन सक्छ। तर विभेदविरुद्ध उभिनु सामाजिक जिम्मेवारी हो। अब मौनता पर्याप्त छैन। अब सामान्यीकरण पर्याप्त छैन। अब 'यस्तै हो समाज' भन्ने बहाना पर्याप्त छैन। समाज बदलिनु छ भने पहिले हामीले आफ्ना घरका दैलो, आफ्ना भाँडा र आफ्नै चेतनाभित्र बनेका जातका सीमारेखाहरू मेट्नुपर्छ। किनकि छुवाछुतको अन्त्य कानुनले मात्र घोषणा गरेर हुँदैन, त्यसलाई सामान्य ठान्ने हाम्रो चेतना अस्वीकार गरेपछि मात्र त्यसको वास्तविक अन्त्य सुरु हुन्छ। शिलालेखबाट

मधेशमा असोजमै ...

अवस्था कमजोर भएका व्यक्तिमा मौसमजन्य सङ्क्रमण देखा पर्न सक्ने भएकाले सावधानी अपनाउन उहाँले सुझाव दिनुभयो।

यस्तै, बाक्लो हुस्सु लागेका कारण पूर्व–पश्चिम महेन्द्र राजमार्ग, हुलाकी सडकसहित दक्षिणी भेगका अन्य सडकमा सवारीसाधन बत्ती बालेर गुडिरहेका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले हुस्सु लागेको समयमा भिजिबिलिटी कम भई सवारी दुर्घटनाको जोखिम हुने भएकाले सावधानीपूर्वक सवारी चलाउन तथा यात्रा गर्न आग्रह गरेको छ।

जनकपुरधामका ५ वटा पोखरी नक्साबाटै गायब, ठडिए महल



जनकपुरधाम, १४ असोज। मधेस प्रदेशको राजधानी जनकपुरधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले नेपालकै महत्त्वपूर्ण सहर हो। हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र माता सीताको जन्मभूमिका रूपमा विश्वभर प्रसिद्धि पाएको यो सहरमा हरेक वर्ष हजारौँ स्वदेशी तथा विदेशी धार्मिक पर्यटक आउने गर्छन्।

नगरको मध्य भागमा रहेको जानकी मन्दिर यो सहरको मुख्य आकर्षणको केन्द्रविन्दुमा पर्छ। यो मन्दिरमा दर्शन तथा पूजापाठका लागि दैनिक हजारौँ भक्तालुको ताँती नै लाग्ने गरेको छ। त्यतिमात्र होइन, जानकी मन्दिरसँगै राम मन्दिर, विवाह मण्डप, संकटमोचन लगायतका धार्मिक स्थलहरूमा पुगेर पूजाआजा गर्ने गर्छन्। '५२ कुटी ७२ कुण्ड' को उपमा पाएको यो सहरभित्र विभिन्न मठ–मन्दिरसँगै यहाँ रहेको अर्को विशेषता पोखरी (सरोवर) ले पनि जनकपुरको पहिचान स्थापित गरेको छ।

जनकपुरधाम–८ का स्थानीय रमेशदास वैष्णवले जानकी मन्दिरसँगै मठमन्दिर र सरोवर नहुँदा जनकपुरधामको महत्त्व हुन नसक्ने बताए। सम्बन्धित निकायले यसको संरक्षण गर्नुपर्ने भए पनि त्यसतर्फ ध्यान नपुग्दा पोखरीहरू लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ। मठमन्दिर, कुटीका जग्गाहरू महन्थहरूले बेचेर खाएको उनले आरोप लगाए। स्थानीय प्रशासन या गुठी संस्थानबाट यस्तो गलत कार्य रोक्न उल्लेखनीय पहल नहुँदा अहिलेको अवस्था आएको उनको बुझाइ छ।

अहिले जनकपुरमा '५२ कुटी ७२ कुण्ड' इतिहासमै सीमित भएको छ। यहाँ रहेका आधा दर्जन पोखरी लोप भइसकेका छन्। ती लोप भएका पोखरीमाथि अहिले ठूला–ठूला भवन ठड्याइएका छन्। जनकपुरधाममा अहिले गुठी संस्थानका ४९ वटा पोखरी छन्। तीमध्ये ५ वटा पौराणिक पोखरीहरू नक्साबाट गायब भइसकेका छन्। ती लोप भएका पोखरीहरू भएको स्थानमा व्यावसायिक प्रतिष्ठान, होटल, अस्पतालदेखि बस्तीसमेत बसिसकेको छ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६२ ले जनकपुरमा रहेका पोखरीमध्ये ५ वटा जनक सरोवर, अमृत कुण्ड, पयश्विनी सर, बलदेव सर तथा गोपाल सर पोखरीहरू पूर्णरूपमा लोप भइसकेको औँल्याइसकेको छ। तत्कालीन समयमा पोखरीहरूको संरक्षण गर्ने जिम्मा पाएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष रामकुमार शर्माले २०७१ सालमा केही कार्य अगाडि बढाए पनि त्यसमा अवरोध सिर्जना हुँदा त्यसले निरन्तरता पाउन सकेन।

तर अहिले फेरि बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि यो अभियानलाई पुनः अगाडि बढाइएको छ। त्यो अभियानको पहिलो सुरुवातस्वरूप ७ वटा पोखरी र त्यसको डिल अतिक्रमण गरी बनाइएका घरटहरा भत्काइएका छन्। दोस्रो चरणका लागि १५ वटा पोखरीको डिल स्वस्फूर्त खाली गर्न ७ दिनको सूचना दिए पनि निर्धारण गरेको समय बितिसकेर खाली गराउने क्रममा जनकपुर उपमहानगरले सहयोग नगर्दा यो अभियान पनि अलपत्र अवस्थामा पुग्ने हो कि भन्ने धेरैले अड्कल काटिरहेका छन्।

केन्द्रीय गुठी संस्थान तथा गठित समितिका प्रवक्ता जनक पोखरेलले दोस्रो चरणमा १५ वटा पोखरीको डिल अतिक्रमण हटाउने सबै तयारी भए पनि प्राविधिक कारणले रोकिएको बताए। उनले भने, 'हामीले सूचनाको म्याद समाप्तलगत्तै सबै तयारी गरिसकेका थियौँ, तर पोखरी डिलमा बस्ने स्थानीयवासीले केही समय दिनुस्, हामी आफैँ भत्काउँछौँ भनेर अनुरोध गर्दा यो प्रक्रिया केही लम्बिन गएको हो।'

यता जनकपुर उपमहानगरपालिकाका मेयर मनोजकुमार साह गुठी संस्थानले आफूसँग जुन समन्वय गर्नुपर्ने हो, त्यो नगर्दा केही समस्या आएको बताउँछन्। यो ऐतिहासिक क्षेत्रमा सरोवरको महत्त्व मिथिलाका राजा जनकको दरबारदेखि भगवान् राम र सीताको विवाहका हरेक प्रसंगसँग यहाँ रहेका कुटी, मठमन्दिरसँगै पोखरीहरू पनि प्राथमिकताका साथ जोडिन्छन्। तर त्यही पोखरीहरू कतिपय लोप भएका छन् भने कतिपय लोपोन्मुख अवस्थामा पुग्न थालेका छन्।

त्यस्तै लोप हुने अवस्थामा पुगेका पोखरीहरूमध्ये एउटा पोखरी जनकपुरको वडा नम्बर ३ मा रहेको देवान पोखरी हो। सहरको बीचमा रहेको यो पोखरी संरक्षणमा ध्यान नदिँदा यो नगर क्षेत्रकै डम्पिङ साइट हो कि भन्ने आभास हुन सक्छ। पोखरीको डिल अतिक्रमण गरेर घरटहरा निर्माण त गरिएकै छ, तर यो पोखरीको चारैतिरको फोहोरको डुंकुरले यसको वास्तविक चित्रण गर्छ। पोखरीको चारैतिर कुनै यस्तो भाग छैन, जहाँ फोहोर नहोस्। यसको संरक्षणमा केही समय चासो नदिइएको भए यो पोखरी पनि लोप भइसकेको अवस्थामा दर्ज हुन्थ्यो।

पोखरी नै लोप हुने अवस्थासम्म पुगेपछि अहिले यसको सौन्दर्यीकरणको काम अगाडि बढेको छ। सौन्दर्यीकरणको काममा पोखरीमा रहेको थोरै पानी हटाएर भित्र सफा गर्ने क्रममा चारैतिर थुप्रिएको फोहोरमैलाले देखाउँछ कि स्थानीयवासी र व्यापारिक निकायको फोहोर विसर्जन गर्ने यही स्थान थियो कि खट्याउन कसैलाई कुनै सकस हुँदैन। पोखरीमा पानी कम र फोहोरको मात्रा उच्च रहेको त्यसै अड्कल काट्न सकिन्छ।

जनकपुर उपमहानगरपालिकाले अहिले यसको संरक्षणमा चासो देखाउँदै सौन्दर्यीकरणको काम अगाडि बढाएको छ। नगरस्तरीय योजनामार्फत अगाडि बढाइएको सौन्दर्यीकरणको कामको ठेक्का सुशान्त–सावन जेभी जनकपुर–१५ ले पाएको छ। यही पोखरी रहेको गल्लीमा मोबाइल मर्मत केन्द्र सञ्चालन गरेका एक व्यवसायीले नाम उल्लेख नगर्ने सर्तमा भने, 'पोखरीको सौन्दर्यीकरणको काम अगाडि बढेको छ, तर अहिले पनि राति त्यही वरपर फोहोर फाल्ने गरिएको छ। अनि कसरी होला त पोखरी सौन्दर्यीकरण ?'

उनका अनुसार नगरवासीमा आफू र नगर पनि सफासुग्घर राख्नुपर्छ भन्ने विवेक नआएसम्म यो सहर सफा होला भन्ने लाग्दैन। पोखरी सौन्दर्यीकरणका लागि भ्याटबाहेक २ करोड ३७ लाख ६५ हजार ७ सय ४४ रुपैयाँ कुल लागत तोकिएको छ भने भ्याटबाहेक १ करोड ६९ लाख ३८ हजार १ सय २० रुपैयाँको लागत रहेको छ। आयोजनाको सम्झौता मिति २०८३ जेठ १८ गतेबाट काम सुरु गरेर यो आर्थिक वर्षको अन्तिम २०८४ जेठ ३१ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ। आयोजना सम्झौता भएको करिब ४ महिना बित्न थालेको छ। तर पोखरीमा भइरहेको पुनर्निर्माणको कामले यो पनि तोकिएको समयमा सम्पन्न होला भन्नेमा स्थानीयवासी शङ्कित बन्न थालेका छन्।

मधेशमा लेखा समूहका २६ कर्मचारी सरुवा

जनकपुरधाम, १४ असोज। मधेश प्रदेशको अर्थ तथा योजना मन्त्रालयले प्रशासन सेवा, लेखा समूहका २६ कर्मचारीको सरुवा, कामकाज तथा दरबन्दी मिलान गरेको छ। अर्थ मन्त्रालयले असोज १३ गतेको निर्णयअनुसार एउटै निकायमा लामो समयदेखि कार्यरत कर्मचारीलाई हेरफेर गरिएको जनाएको छ। निर्णयको सूचीमा छैटौँ र सातौँ तहका १२ जना अधिकृतस्तरका कर्मचारी छन्।

सरुवा हुने अधिकृतहरूमा कृति पाण्डे, रञ्जनकुमार कर्ण, उपेन्द्रकुमार यादव, चन्दनकुमार रजक, महेन्द्रप्रसाद सिंह, प्रेमप्रसाद पोखरेल, शिवकुमार कुँवर, राजकुमार साह, समीर दाहाल, शिवशंकर चौधरी, सुवोधकुमार यादव र सुरेन्द्र राय यादव रहेका छन्। निर्णयअनुसार कृति पाण्डेलाई डिभिजन वन कार्यालय धनुषाबाट जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय धनुषा, रञ्जनकुमार कर्णलाई डिभिजन वन कार्यालय पर्साबाट पूर्वाधार विकास कार्यालय बारा, उपेन्द्रकुमार यादवलाई डिभिजन वन कार्यालय बाराबाट पूर्वाधार विकास कार्यालय पर्सा र चन्दनकुमार रजकलाई श्रम तथा यातायात मन्त्रालय धनुषाबाट पूर्वाधार विकास कार्यालय सिरहा सरुवा गरिएको छ।

त्यस्तै महेन्द्रप्रसाद सिंह र प्रेमप्रसाद पोखरेललाई क्रमशः जलस्रोत तथा सिँचाइ विकास डिभिजन सप्तरी र रौतहटबाट ऊर्जा, सिँचाइ तथा खानेपानी डिभिजन सप्तरी र रौतहटमा दरबन्दी मिलान गरिएको छ। शिवकुमार कुँवर पूर्वाधार विकास कार्यालय सप्तरीबाट सोही कार्यालयमा कामकाजसहित डिभिजन वन कार्यालय सप्तरीतर्फ, राजकुमार साह पूर्वाधार विकास कार्यालय सिरहाबाट प्रादेशिक अस्पताल सिरहा, समीर दाहाल पूर्वाधार विकास कार्यालय सर्लाहीबाट डिभिजन वन कार्यालय सर्लाही, शिवशंकर चौधरी पूर्वाधार विकास कार्यालय रौतहटबाट कृषि ज्ञान केन्द्र रौतहट र सुबोधकुमार यादव पूर्वाधार विकास कार्यालय बाराबाट डिभिजन वन कार्यालय पर्सामा सरुवा भएका छन्।

सुरेन्द्र राय यादव पूर्वाधार विकास कार्यालय पर्साबाट डिभिजन वन कार्यालय बारामा पुगेका छन्। अर्थ मन्त्रालयले उक्त सरुवा

–बाँकी अन्तिम पेजमा

गर्मी र वर्षाले बढ्यो सर्पको बिगबिगी



महोत्तरी, १४ असोज। प्रचण्ड गर्मी बढेसँगै महोत्तरीमा सर्पको बिगबिगी बढेको छ। बर्दिवास-३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा ६० जना सर्पको टोकाइका बिरामी उपचारका लागि पुगेका छन्। असोज सङ्क्रान्तिकै दिनदेखि एक साताको प्रचण्ड गर्मी, त्यसपछि चार दिनको निरन्तर वर्षा र फेरि अचाक्ली घामको रापले सर्पदंशका घटना बढेको हो। गर्मीमा शीतल खोज्न र वर्षामा दुलोभित्र पानी पसेपछि सर्प बाहिर निस्कन्छन्। यस्तो बेला सर्पदंशका घटना बढ्ने गरेको नेपाली सेनाका स्वास्थ्य प्राविधिकले बताएका छन्।

"लाग्दो असोजसँगै बिरामी आउने क्रम बढेको छ, यो महिना सुरु भएसँगैको प्रचण्ड गर्मी, त्यसलगत्तै चार दिनको वर्षा र फेरि प्रचण्ड गर्मी बढेको छ", उपचार कार्यमा खटिएका सेनाको स्वास्थ्य प्राविधिक टोलीका इन्चार्ज किङ्गाङ चौधरीले भने, "अचाक्ली गर्मी र पानी परेपछि शय्या बिरामीले भरिएका छन्। यहाँको उपचार नेपाली सेनाका चार जना प्राविधिकले धानेका छन्। यहाँ निरन्तर दक्ष चिकित्सकको माग जनस्तरबाट उठ्दै आए पनि केन्द्रले अहिलेसम्म यसको प्रबन्ध गर्न सकेको छैन। कतैबाट चिकित्सकको प्रबन्धमा सहयोग नपाएपछि यिनै प्राविधिकको भरमा उपचार धानिएको सर्पदंश उपचार केन्द्र सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद देवकोटाले बताए। केन्द्रले उपचार सेवालाई निरन्तरता दिन कहिलेकाहीँ औषधि (एन्टिस्नेक भेनम) को अभाव खेप्नुपरेको छ।

विसं २०७१ साउन ३१ गते विधिवत् सञ्चालनमा आएको केन्द्रले यसपालि औषधिको अभावले उपचार दिन असमर्थता जनाउँदै सूचना नै टाँस गर्नुपरेको थियो। "कति ठाउँ चाहान्यौँ, एन्टिस्नेक भेनम भाइल पाउन सकिएन, बाध्य भएर सेवा बन्द भएको सूचना टाँस गर्नुपऱ्यो", गत भदौ मसान्तका दिन साँझपखको घटना सम्झँदै देवकोटाले भने, "त्यसपछि समाचार आए, स्वास्थ्य सेवा विभागको ध्यानाकर्षण भयो, तत्काल औषधिका भाइल उपलब्ध भएपछि हामीले तेस्रो दिन नै सेवा सञ्चालन गर्न सक्यौँ।"

केन्द्रले सूचना टाँस गरेलगत्तै असोज २ गते स्वास्थ्य सेवा विभागबाट वरिष्ठ स्वास्थ्य प्रशासक डा. अमृत पोखरेल नेतृत्वको टोलीले केन्द्रको अनुगमन गर्नुका साथै औषधि निरन्तर उपलब्ध गराइने प्रतिबद्धता जनाएपछि त्यसैदिन सेवा सञ्चालन गरिएको हो। केन्द्रमा दक्ष चिकित्सक र भेन्टिलेटर सुविधासहितको उपचार प्रबन्ध नहुँदा गम्भीर प्रकृतिका बिरामी देख्नासाथ केन्द्रले प्रादेशिक अस्पताल जनकपुर र अन्य साधन सम्पन्न अस्पताल लैजान भन्ने गरेको छ।

"हामीकहाँ दक्ष चिकित्सक र आवश्यक उपचार संसाधन पर्याप्त छैनन्, त्यसैले जटिल प्रकृतिका बिरामीलाई रोकेर ज्यान जोखिममा पार्न सकिन्न", केन्द्र सञ्चालक समितिका सचिव ध्रुव विष्टले भने, "यसबारे नगर नेतृत्व र नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाले पहलकदमी लिनुपर्छ।" बर्दिवास नगरप्रमुख र नगर कार्यपालिकाको कार्यालयले बर्दिवास नगर अस्पतालकै चिकित्सकमध्ये कसैलाई केन्द्रमा खटाएर तत्कालको आवश्यकता सम्बोधन गर्नुपर्ने विष्टको धारणा छ।

केन्द्रमा एक जना दक्ष चिकित्सकको आवश्यकताबारे बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षेत्री पनि जानकार छन्। "केन्द्रमा दक्ष चिकित्सक चाहिन्छ, सर्पदंश उपचार केन्द्र सञ्चालक समितिसँग समन्वय गरेर यसबारे चाँडै प्रबन्ध गरिन्छ", क्षेत्रीले भने। उपचारमा संलग्न सेनाका प्राविधिक खटाउने नेपाली सेनाको परिकौलीस्थित श्री गोरखनाथ गणले पनि दक्ष चिकित्सक नहुँदा जटिल प्रकृतिका बिरामीको उपचारमा समस्या हुने जनाएको छ।

विषालु सर्प पाइने यो क्षेत्रमा दिनदिनै सर्पदंशबाट मानिस मर्न थालेपछि समुदायस्तरको प्रयत्नबाट गौरीडाँडामा सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको हो। स्थापनाकालदेखि हालसम्म केन्द्रले ३३ हजारभन्दा बढी सर्पदंशका बिरामीको सफल उपचार गरिसकेको अभिलेखबाट देखिन्छ।

केन्द्रमा महोत्तरी, धनुषा, सर्लाही, सिन्धुली, उदयपुर, ओखलढुङ्गा र रामेछाप जिल्लाका बिरामीले बाक्लो उपचार सेवा लिँदै आएका छन्। समयक्रमसँगै केन्द्रमा थप एक जना दक्ष चिकित्सक चाहिने माग सबैतिरबाट बढेको छ।

राजमार्ग मर्मतमा बेवास्ता

सर्लाही, १४ असोज। जतातै खाल्टाखुल्टी परेर जीर्ण बनेको पूर्वपश्चिम महेन्द्र राजमार्ग मर्मतमा बेवास्ता गरिँदा यात्रुले सास्ती खेपिरहेका छन्। अति व्यस्त रहने पूर्वपश्चिम हाइवेमा ठुलठुला खाल्टाखुल्टी परेको हप्तौँ भइसक्दासमेत मर्मत गरिएको छैन। राजमार्गका खाल्टाखुल्टीका कारण सवारीसाधन थर्किएर ज्यान असाध्यै दुख्ने, दुर्घटना हुने र गाडी बिग्रने समस्या बढेको गुनासो आएको छ।

घारीबथान-लालबन्दी-बागमती रुटका म्याजिकचालक एवं ईश्वरपुर नगरपालिका-१२, घारीबथानका स्थानीय बासिन्दा अर्जुन खड्काले महेन्द्र राजमार्गमा हप्तौँदेखि खाल्टाखुल्टी रहे पनि मर्मत नगरिँदा खाल्टोमा परेर गाडीको पल्टा भाच्चिने, नटलगायत अन्य सामान खस्नेलगायतका समस्या बारम्बार आइरहेको गुनासो गर्नुभएको छ। खराब सडकका कारण गाडीले इन्धनसमेत धेरै खाइरहेको चालक बताउँछन्।

चाडपर्वका बेला सवारीसाधनमा यात्रु बढिरहेको तर सडकको अवस्था दयनीय रहेकाले सवारी मर्मत खर्च बढेर हैरान भएको म्याजिकचालक खड्काको गुनासो छ। उहाँले भन्नुभयो, "खाल्टाखुल्टीले गर्दा 'हाइवे' मा गाडी चलाउन असाध्यै मुस्किल छ। खराब सडककै कारण मर्मत खर्च बढेर हैरान भइरहेका छौँ।"

बग्रेल्ती रहेका खाल्टाखुल्टी छल्न विपरीत लेनमा गाडी लैजाँदा दुर्घटना बढेको चालकले बताएका छन्। अरूबेला पनि साँघुरो पुलमा सवारी पास हुनै कठिन भइरहेका बेला अहिले झन् खाल्टाखुल्टीका कारण बिस्तारै गाडी पास हुनु पर्दा पुलमा लामो समयसम्म जाम लाग्ने गरेको छ। खाल्टाखुल्टीका कारण पुलबाट दुई वटा गाडी पार गर्न नसक्ने अवस्था रहेको चालकको भनाइ छ। ठुलो आकारका रात्रि बस र मालवाहक ट्रक निकै गाह्रोसँग पास हुने गरेको लालबन्दी नगरपालिका-१, नवलपुर निवासी बस व्यवसायी दीपक श्रेष्ठले बताउनुभयो।

महोत्तरी, धनुषालगायत पूर्वका जिल्लाबाट काठमाडौँ आउजाउ गर्ने गाडी अहिले जरजर अवस्थाको महेन्द्र राजमार्ग भएरै हिँडिरहेका छन्। गाडीको चाप बढेको र यही समयमा राजमार्ग खराब भएकाबारे स्थानीय प्रशासनले सडक आयोजनालाई ध्यानाकर्षणसमेत गराइसकेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) रवीन्द्रनाथ पौडेलले हाइवे खराब भएर दुर्घटनाको जोखिम बढेको विषयमा सडक आयोजनाका प्रमुखलाई आफूले नै सम्पर्क गरेर ध्यानाकर्षण गराएको बताउनुभयो। उहाँले भन्नुभयो, "हाइवेको अवस्था खराब भएपछि म आफैँले रोडका प्रोजेक्ट म्यानेजरलाई टेलिफोन गरेर तत्काल मर्मतको व्यवस्था मिलाइदिन आग्रह गरेको छु।"

चार लेनमा विस्तार भइरहेको महेन्द्र राजमार्ग मर्मतको जिम्मेवारी सम्बन्धित ठेकेदारकै हुने कमला-ढल्केबर-पथलैया सडक आयोजनाका आयोजना प्रमुख एवं सिनियर डिभिजन इन्जिनियर राजेशकुमार दासले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले खाल्टाखुल्टी मर्मत गर्ने जिम्मेवारी सडक डिभिजन चन्द्रनिगाहपुरको हुन्थ्यो तर अहिले सडक बढाउने ठेक्का पाएका ठेकेदारले नै मर्मत गर्नुपर्ने हुन्छ।"

आयोजना प्रमुख दासले सडकको खाल्टाखुल्टी पुर्न तत्काल ग्राभेल हाल्न निर्माण कम्पनीलाई ताकिता गरिरहेको तर पुलको मर्मतमा भने प्राविधिक कठिनाइ भइरहेको बताउनुभएको छ। पुल मर्मतका लागि गाडी बन्द गर्नुपर्ने तर राजमार्ग एकैछिन पनि बन्द हुन नहुने नीतिका कारण पुलका ठुला खाल्टा मर्मत गर्न नसकिएको दासको भनाइ छ। सडक आयोजनाको परामर्शदाता कम्पनीका रेसिडेन्ट इन्जिनियर (आर.ई.) विनोद गौतमले बुधबारदेखि नै काम सुरु गरेर दुई/चार दिनभित्रैमा राजमार्गका खाल्टाखुल्टी र पुल मर्मत गरिने दाबी गर्नुभएको छ। चार दिनको पानीका कारण राजमार्ग र पुल मर्मतमा ढिलाइ भएको गौतमले स्वीकार गर्नुभयो।

अब दसैँ पनि नजिकिएकाले तत्काल राजमार्ग र पुललाई मर्मत गरेर ठिकठाक अवस्थामा राखिने गौतमको भनाइ छ। उहाँले भन्नुभयो, "पानी परेर काम गर्न 'डिस्टर्ब' भएको हो, अब दुई/चार दिनभित्रैमा खाल्टाखुल्टी पुरिहाल्छौँ।" महेन्द्र राजमार्गस्थित सर्लाही खण्डमा पर्ने बाँके, कालिन्जोर, लखन्देही, चापिनी, बागमतीलगायतका पुल अत्यन्त जीर्ण अवस्थामा रहेका छन्।

सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप अभाव, बिरामीलाई सास्ती

बर्दिबास, १४ असोज। सरकारी अस्पतालमा रेबिजविरुद्ध दिइने एन्टी रेबिज भ्याक्सिन (एआरभी) को अभाव हुँदा बिरामी समस्यामा परेका छन्। स्याल तथा कुकुरको टोकाइका घटना बढ्दै गए पनि अस्पतालमा रेबिजविरुद्धको खोप अभाव हुँदा पीडितहरू निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिरेर उपचार गराउन बाध्य भएका छन्। नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिज उन्मूलन गर्ने लक्ष्य लिएको छ। तर, सरकारी स्वास्थ्य संस्थामै एआरभी खोपको अभाव हुँदा विशेषगरी आर्थिक रूपमा कमजोर बिरामीलाई थप आर्थिक भार परेको छ।

गत साता बिहान बजारबाट दूध किनेर घर फर्कंदै गरेका बर्दिबास नगरपालिका-२ का ७२ वर्षीय नीलप्रसाद गौतमलाई बर्दिबास-जलेश्वर सडकखण्डमा सेतो रङको भुस्याहा कुकुरले दाहिने खुट्टामा टोक्यो। केही बेरमै बर्दिबास कबाट बिस्कुट किनेर फर्किरहेकी वडा नं। १ की बालिका विनिता श्रेष्ठलाई पनि सोही कुकुरले टोकेको थियो। स्थानीयका अनुसार यसबिच सोही कुकुरले दर्जनभन्दा बढीलाई टोकेको छ। कुकुर अझै नियन्त्रणमा नआएकाले पीडितको संख्या थप बढ्न सक्ने स्थानीयको भनाइ छ।

घटनापछि बर्दिबास अस्पताल पुग्नुभएका गौतमले त्यहाँ एआरभी खोप नपाएपछि निजी स्वास्थ्य संस्था शुभ स्वस्तिक अस्पतालमा शुल्क तिरेर खोप लगाएको बताउनुभयो। उहाँजस्तै बर्दिबास क्षेत्रका ५० जनाभन्दा बढी कुकुरको टोकाइका पीडित अहिले निजी स्वास्थ्य संस्था तथा क्लिनिकमा चर्को शुल्क तिरेर खोप लगाउन बाध्य भएका छन्। बर्दिबास अस्पतालको अभिलेखअनुसार रेबिजविरुद्धको खोप लगाउन आउने बिरामीको संख्या बढ्दै गएको छ। प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्र, जनकपुरले मागअनुसारको आपूर्ति नगर्दा भदौदेखि नै खोप सकिएको अस्पताललले जनाएको छ।

अस्पतालको खोप शाखाका प्रमुख अर्जुन साहका अनुसार बर्दिबास अस्पतालमा रेबिजविरुद्धको खोप लगाउन वर्षमा करिब तीन हजार बिरामी आउने गर्छन्। एक जना बिरामीलाई सामान्यतया तीन डोज आवश्यक पर्ने भएकाले मागअनुसार खोप उपलब्ध नहुँदा समस्या भएको उहाँले बताउनुभयो।

खोपको चरम अभाव भएपछि बर्दिबास नगरपालिकाले अस्पताललाई १०० भाइल एआरभी सहयोग गरेको थियो। बिरामीको बढ्दो चापका कारण उक्त खोप पनि केही दिनमै सकिएको साहले बताउनुभयो। चालु आर्थिक वर्ष २०८३/८४ को साउन र भदौमा मात्रै बर्दिबास अस्पतालमा कुकुर, स्याल, बिरालो र बाँदरले टोकेका ३५३ जना बिरामी उपचारका लागि आएका थिए। उनीहरूका लागि ५३० डोज एआरभी आवश्यक थियो। तर, स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रले दुई महिनामा जम्मा २४० भाइल एआरभी उपलब्ध गराएको थियो।

साहले भन्नुभयो, "साउन र भदौमा आएका बिरामी धान्नका लागि नै ११३ भाइल औषधि कम भयो। असोज ९ गतेसम्म रेबिजविरुद्धको सुई लगाउने ४० जना पुगिसकेका छन्। थप औषधि आएको छैन। यसले बिरामीलाई समस्या परेको छ।" बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रितेश घिमिरेले रेबिज प्राणघातक रोग भएकाले जोखिममा परेका व्यक्तिले सकेसम्म छिटो खोप लगाउनुपर्ने बताउनुभयो।

डा. घिमिरेले भन्नुभयो, "रेबिजबाट बचाउने एआरभी एक मात्र उपाय हो। खोप लगाउन ढिलो गर्दा रेबिजको सङ्क्रमण केन्द्रीय स्नायु प्रणालीमा फैलियो भने यसको कुनै उपचार छैन। यस्तो अवस्थामा खोप अभाव हुनु दुर्भाग्यपूर्ण हो।" मधेश प्रदेशका स्वास्थ्य सचिव डा॥ प्रमोदकुमार यादवका अनुसार महोत्तरीमा मात्र नभई प्रदेशभर नै रेबिजविरुद्धको खोप अभाव छ।

"हामीले आपूर्ति बढाउन टेकुलाई आग्रह गर्दै आएका छौँ," स्वास्थ्य सचिव यादवले भन्नुभयो, "अर्को तिर जनस्वास्थ्यलाई दृष्टिगत गर्दै मधेस सरकारले चालु आवमा खोप खरिदका लागि एक करोड रुपियाँ बजेट छुट्याएको छ। ठेक्का प्रक्रियामार्फत रेबिज तथा सर्पदंशको खोपको आपूर्ति सहज बनाउने प्रयास भइरहेको छ।"

मधेशमा लेखा...

वेबसाइटमा प्रकाशित गरेको छ। यसअघि भदौको दोस्रो साता मात्र अर्थ मन्त्रालयले ७६ जना कर्मचारीको सरुवा गरेको थियो। अर्थ मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि एउटै कार्यालयमा कार्यरत लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरेको हो।

मधेश सरकारको अर्थ मन्त्रालयले लामो समयदेखि एउटै अड्डामा बसेको, माल अ ामा जडागाडेर बसेका र पहुँच बला एउटै लेखाअधिकृत र लेखापाल दुई भन्दा बढी निकायमा जिम्मेवारी सम्हालेकाहरुलाई एउटै कार्यालयमा सिमित गर्ने, चलखेल गर्नेहरुलाई सोही अनुसार सरुवा गर्ने र वेबसाइटमा सार्वजनिक गर्न लागेको पहिलोपटक हो॥

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)